# कवितासम्बन्धी प्रगतिवादी विमर्श

***हेमनाथ पौडेल****

## लेखसार

*प्रस्तुत आलेखमा कवितासम्बन्धी प्रगतिवादी विमर्शलाई प्रस्तुत गरिएको छ । कविताका बारेमा प्रगतिवादको के दृष्टिकोण छ भन्ने सम्बन्धमा यसमा चर्चा छ । प्रगतिवादीहरू कवितालाई मानव मनको सर्वप्राचीन कलाव्यापार ठान्दै यसको जन्म र विकास मानवीय श्रम र सङ्घर्षका क्रममा भएको स्वीकार गर्छन् । उनीहरू कवितालाई इन्द्रियातीत विषय नभएर वस्तु जगत्को उपज मान्दै यसमा युगीन यथार्थको कलात्मक प्रतिविम्बन हुन्छ र यसले मानव जातिको उत्थान, विकास र समाज रूपान्तरणमा सहयोग गर्छ भन्ने विचार प्रकट गर्छन् । प्रगतिवादीहरू कलावादीहरूका अवस्तुवादी र विशुद्धतावादी धारणालाई तिरस्कार गर्दै समाज, संसार र मानव जीवनलाई बुझ्नु, बदल्नु र समृद्ध पार्नु कविता कलाको उद्देश्य हो भन्दै यसको प्रयोजन र उपयोगितालाई सिद्ध गर्छन् । कविता सौन्दर्यको विषय पनि हो । सौन्दर्यलाई यिनीहरू भाववादी-आदर्शवादीहरूले जस्तो प्रकृति र मानव जीवनबाट निरपेक्ष होइन, सापेक्ष रूपमा हेर्छन् । सुन्दरता वस्तुको गुण हो, वस्तुमा सुन्दर र कुरूप दुबै चिज हुन्छन् अनि वस्तुको परिवर्तनसँगै त्यसको सौन्दर्य पक्षमा पनि परिवर्तन आउँछ भन्ने उनीहरूको धारणा छ । यही क्रममा उनीहरू कलाकृतिको निर्माण अन्तर्वस्तु र रूपको जैविक एकताबाट हुने बताउँदै कविताका बारेका आफ्ना मान्यताहरूलाई प्रस्तुत गर्छन् । यही मान्यताका बारेमा यहाँ मार्क्सवादी विमर्श गरिएको छ ।*

**प्रमुख शब्दावली** : कविता काव्य, विमर्श, मार्क्सवाद, प्रगतिवाद, कला साहित्य, वस्तुगत यथार्थ, विचारधारा, ओजपूर्ण भाषा, उत्पत्ति, सौन्दर्य, सामूहिक श्रम, उद्देश्य, प्रयोजन, अन्तवस्त र रुप, प्रतिबिम्बन, पक्षधरता, विधा, वर्ग, दृष्टिकोण, परिवर्तन ।

## विषय प्रवेश

कविता के हो भन्ने सम्बन्धमा पूर्व र पश्चिम दुबैतिर प्रशस्त चर्चाहरू भएका छन् । संस्कृत साहित्यमा कविकर्म अथवा कविद्वारा वर्णित वा सृजित रचना र पाश्चात्य अङ्ग्रेजी साहित्यमा पनि कविद्वारा सिर्जित पद्य रचनालाई कविता काव्य मानिएको छ । कवि, काव्य र कविता एकअर्कामा अन्तःसम्बन्धित छन् । संस्कृतको वर्णन गर्नु भन्ने अर्थ जनाउने कवृ धातुमा 'इ' प्रत्यय लागेर कवि, 'य' प्रत्यय लागेर काव्य र सोही धातुमा 'इ' र 'ता' प्रत्यय लागेर बनेको कविता अङ्ग्रेजीको पोइट, पोइट्री र पोइमको समानार्थी शब्द हो । यसको अर्थ कवि भनेको वर्णन कलामा निपुण व्यक्ति र काव्य र कविता भनेका

---

* श्री पौडेल रत्नराज्यलक्ष्मी क्याम्पसमा नेपाली विषयका सहप्राध्यापक हुनुहुन्छ ।

कविद्वारा वर्णित कविकर्म वा रचना हुन् भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा पहिले कविता भन्ने परिभाषा थिएन । काव्य शब्दले नै कविता र काव्य दुवैलाई जनाउँथ्यो । अझै काव्य शब्दले त त्यस बेला साहित्य विशेषलाई नै बुझाउँथ्यो । भरतमुनिदेखि जगन्नाथसम्मका आचार्यहरूले यही कुरालाई व्यक्त गरेका छन् । पाश्चात्य साहित्यमा पनि आदिम रूपमा कविता आजको जस्तो विधा विशेष नभई काव्य साहित्यकै रूपमा रहेको थियो । प्रगतिवादी कविता चिन्तक कडबेल (१९९०) ले कवितालाई लयबद्ध वा छन्दोबद्ध काव्यात्मक रूप मानेका छन् । उनले ओजपूर्ण भाषाको एक विशेष रूप कविता हो भन्दै यो ओजस्विता रीतिबद्ध विन्यास छन्द, लय, अनुप्रास, चरणहरूको समानता, नियमित यति या मात्रा, सुर आदिद्वारा प्राप्त हुन्छ भनेका छन् । उनले यो ओजपूर्ण भाषाले पहिले सम्पूर्ण साहित्यलाई जनाउँथ्यो, सभ्यताको विकासका क्रममा यो एउटा पक्षमा मात्र सीमित हुनपुग्यो (पृ. १५) भनेर काव्यले त्यस बेला सम्पूर्ण साहित्यलाई नै जनाउने गरेको तर पछि आएर मात्र कविता भनिन थालिएको पनि बताएका छन् । यसबाट कविता विधाका सम्बन्धमा पूर्व र पश्चिम दुवैतर्फ समान मान्यता नै देखिन्छ । अङ्ग्रेजी साहित्यमा पोइटबाट बनेको पोइट्री ले कविता काव्य दुवैलाई जनाउँछ । कविता मात्र विशेषलाई चाहिँ त्यहाँ पोइम भनिन्छ । पोइमको अर्थ पनि पूर्वमा जस्तै कविकर्म वा कविद्वारा रचित पद्यात्मक रचना भन्ने नै हुन्छ ।

साहित्यका प्रमुख विधामध्ये कविता सबैभन्दा पुरानो र समृद्ध विधा हो । साहित्यका अन्य विधाहरूका तुलनामा यसको यात्रा निकै लामो छ । भाषाको आदिम रूप यसमै पाइने हुँदा भाषाको उत्पत्ति सँगसँगै कविताको पनि उत्पत्ति भएको मानिन्छ । त्यसैले साहित्यका अरू विधाभन्दा कविता सर्वप्राचीन विधा हो । सुदूर अतीतदेखि आजसम्मको गतिशील यात्रामा कविताले भावना, संवेग, चिन्तन र रूप विधानका अनेकौँ पक्ष र पाटाको उद्घाटन गर्दै विभिन्न युगीन घुम्तीहरू पार गरी कथ्य, श्रव्य भाषिक कलाका रूपमा आफूलाई विकसित गरेको छ । कविताको यो अविच्छिन्न यात्राका क्रममा यसमा लयगत, आयामगत एवं धारागत अन्तर्विकास र परिवर्तनहरू भएका छन् । साहित्यको एउटा विधा हुनका नाताले यसमा साहित्यका गुणहरू पनि छन् र कविता भएका नाताले यसमा छुट्टै विधागत विशिष्टताहरू पनि छन् । जुन विशिष्टताका कारण साहित्यका अन्य विधाबाट कविता अलगिन्छ, त्यही नै कविताको विधागत स्वरूप वा पहिचान हो । यसबाट स्वरूपगत दृष्टिले कविता भनेको ओजपूर्ण भाषामा गरिएको लयबद्ध अभिव्यक्ति हो भन्ने बुझिन्छ ।

## कविताको उद्भव

कविताको उद्भवबारे पनि पूर्व र पश्चिम दुवैतिरकाले पर्याप्त चर्चा-परिचर्चा गरेका छन् । परम्परावादी वा भाववादी-आदर्शवादी धारणा अनुसार कला-साहित्यको उत्पत्ति दैवी प्रेरणाबाट भएको हो । पूर्वमा पौराणिक साहित्यको उद्भवका सन्दर्भमा वाल्मीकिले क्रौञ्चका भालेपोथीमध्ये व्याधाले भालेलाई मारेको देखेर व्याधालाई श्राप दिदा उत्पन्न

भएको रामायणको पहिलो श्लोकको प्रसङ्ग होस् या ऋग्वेदबाट संवाद, सामवेदबाट गीत, यजुर्वेदबाट अभिनय र अर्थवेदबाट रस ग्रहण गरी ब्रह्माले नाटकको रचना गरे भन्ने प्रसङ्ग होस्, यिनले दैवी प्रेरणालाई नै सङ्केत गरेका छन् । यसरी नै पश्चिममा पनि डायोनिसस र बैकसलाई खुसी पार्न नाचगान गर्ने परम्पराबाट नाटकको प्रारम्भ भएको हो (अधिकारी, २०५६, पृ.१४) भन्ने भनाइले दैवी उत्पत्तिसम्बन्धी धारणालाई नै पुष्टि गर्दछ । पूर्व र पश्चिमका यी दुवै परम्परागत मान्यता यथार्थका नजिक छैनन् । यस सम्बन्धमा प्रगतिवादीहरूको वस्तुगत र वैज्ञानिक चिन्तन छ । प्रगतिवाद मार्क्सवादको साहित्यिक संस्करण भएकाले यसको धारणा भाववादी, आदर्शवादी चिन्तकहरूको भन्दा ठिक विपरीत छ । भाववादी आदर्शवादीहरू कला साहित्यलाई सामाजिक भौतिक जीवनबाट निरपेक्ष एउटा स्वतन्त्र विशिष्ट चेतना अथवा भाव जगत्को उपज मान्दछन् भने प्रगतिवादीहरू मानिसको भाव वा विचार छुट्टै स्वतन्त्र वस्तु नभएर सामाजिक भौतिक जीवनकै प्रतिच्छाया हो भन्ने मान्छन् । यो पदार्थभन्दा भिन्न नभएर पदार्थको सर्वोच्च रूप मस्तिष्कको उपज त्यसैको एउटा गुण हो । चेतनाले भौतिक परिवेशको निर्धारण गर्ने नभएर भौतिक सामाजिक परिवेशले चेतनाको निर्धारण गर्ने हुनाले भावधारा वा विचारधाराको छुट्टै स्वतन्त्र इतिहास हुँदैन । यसको इतिहास र अस्तित्व पनि सामाजिक जीवनसँगै जोडिएको हुन्छ भन्ने प्रगतिवादको मान्यता छ (मिश्र, २०१०, पृ. ३०३) । भाव वा विचारधारा सामाजिक जीवनको उपज र कला साहित्य विचारधाराको उपज भएकाले परम्परावादीहरूले भने जस्तो कला-साहित्य पनि दैवीप्रेरणा वा भाव जगत्को उपज नभएर सामाजिक जीवनकै उपज हो भन्ने सिद्ध हुन्छ । यही मान्यतामा आधारित भएर प्रगतिवादी चिन्तकहरूले कला-साहित्य वा कविताको जन्मका बारेमा आ-आफ्ना मान्यता अघि सारेका छन् ।

प्रगतिवादले ऐतिहासिक भौतिकवादी दृष्टिका आधारमा कविताको मात्र होइन, समग्र कला-साहित्यलाई सामाजिक जीवनको मूर्तरूप मान्दै विशुद्ध मानवीय उपलब्धि वा मानवीय श्रमको उपजका रूपमा लिएको छ । कविता वा कला-साहित्यको जन्म मान्छेको जन्मसँगै भएको र मानिसको विकास सँगसँगै श्रमका प्रक्रियामा कला-साहित्यको पनि विकास हुँदै आएकाले यो मानव अर्जित वा विकसित वस्तु हो भन्ने धारणा स्वयं मार्क्स र त्यसपछिका चिन्तकहरूको छ । एङ्गेल्सले *बानरबाट मान्छे बन्ने प्रक्रियामा श्रमको भूमिका* भन्ने पुस्तकमा र अन्य सन्दर्भमा पनि कला-साहित्यको उत्पत्तिसम्बन्धी आफ्ना धारणाहरू अगाडि सारेका छन् । उनले प्रकृतिसँग सङ्घर्ष गर्ने क्रममा मानिसले सबभन्दा पहिले चार हात खुट्टाले टेकेर हिड्दै गरेको अवस्थाबाट दुई खुट्टामा उभिएर सिधा हुन सिकेपछि हातहरू स्वतन्त्र भए । हात स्वतन्त्र भएपछि उसले ढुङ्गालाई हतियारका रूपमा प्रयोग गऱ्यो । सामाजिक विकासका क्रममा उसको क्षमतामा वृद्धि हुँदै गयो । फलस्वरूप तिनै हातले उसले चित्र, मूर्ति र सङ्गीतको सृष्टि गरेको हो (अधिकारी, २०५६,पृ. ९५) । उनले मानिसहरू आफ्ना आवश्यकताहरू पूर्ति गर्ने सिलसिलामै एक पुस्तापछि अर्को पुस्तामा श्रमका जटिल

र विविध उत्पादन प्रणालीमा आबद्ध हुँदै आएका हुन् भन्दै सिकार गर्नु, पशुपालन गर्नु, लुगा बुन्नु अथवा धातुहरू र भाँडाकुँडा निर्माण गर्नु जस्ता कार्यहरू गर्दै मानिसहरू व्यापार उद्योगका कार्यहरूमा लाग्न थालेपछि नै कला-साहित्य र विज्ञानको उत्पत्ति भएको बताएका छन् । यसबाट श्रममय सामाजिक जीवनको विकाससँगै मानवीय क्रियाकलापहरू विकसित हुने क्रममा कला-साहित्यको पनि उद्‌भव र विकास भएको हो भन्ने बुझिन्छ । कड्वेल (१९९०) ले कला-साहित्यलाई समाजरूपी सिपीबाट उत्पन्न मोतीको संज्ञा दिएर मानवीय श्रमकै बिचबाट कला-साहित्यको उत्पत्ति भएको बताएका छन् पृ. ११) । उनले मात्र होइन, उत्तरवर्ती मार्क्सवादी चिन्तकहरूले पनि कला साहित्यलाई मानवीय श्रमका सापेक्षतामा हेर्दै सामाजिक वस्तुकै रूपमा लिएका छन् । समग्र कला-साहित्यसम्बन्धी यही मान्यता कविताको पनि मान्यता हो ।

कविता र नाटक साहित्यका सर्वप्राचीन विधा भएकाले साहित्यको उत्पत्तिको चर्चा गर्दा कला चिन्तकहरूले कविता र नाटकलाई नै आधार बनाएर आफ्ना धारणाहरू अघि सारेको पाइन्छ तापनि विधागत बिशिष्टताका आधारमा कविताको उत्पत्तिसम्बन्धी छुट्टै मतहरू पनि पाइन्छन् । यस सम्बन्धमा बेलायती मार्क्सवादी चिन्तक क्रिस्टोफर कडबेल नै मुख्य चिन्तकका रूपमा देखिन्छन् भने उनका पूर्ववर्ती र उत्तरवर्तीहरूले समेत यस बारेमा चर्चा परिचर्चा गरेको पाइन्छ । यसरी चर्चा गर्नेहरूले ऐतिहासिक भौतिकवादलाई आधार बनाएका छन् र कविताको उद्‌भव र विकासको निरूपण गरेका छन् ।

कविताको उत्पत्तिका सम्बन्धमा कड्बेलले मार्क्स एङ्गेल्स यता विकसित कला-साहित्यसम्बन्धी मान्यतालाई अगाडि बढाउँदै आफ्नो धारणा प्रस्तुत गरेका छन् । कड्बेलले कवितालाई मानव मनको प्राचीनतम कलाव्यापार मान्दै आदिम युगमा, आदिम जाति समुदायमा कविताको जन्म भएको बताएका छन् । उनले त्यसबेला कविता पृथक् विधा विशेषका रूपमा नभएर समग्र वाङ्मयका रूपमा रहेको र लयबद्ध वा छन्दबद्ध अथवा काव्यात्मक रहेको पनि उल्लेख गरेका छन् (१९९०, पृ. १३) । कड्बेलको यस भनाइलाई प्रस्ट पार्दै पाण्डेय (२०५६) ले यसबाट तिनवटा महत्त्वपूर्ण सङ्केतहरू प्राप्त हुने बताएका छन्- '(१) कविताको जन्म मानव सभ्यताको आदिम युगमा, आदिम जातिका समुदायमा भएको थियो, (२) आदिम कविता आजको जस्तो विशुद्ध कविता नभएर सम्पूर्ण वाङ्मयसँग सम्बद्ध मिश्रित थियो, (३) कविता आरम्भमै पूर्णतया काव्यात्मक अर्थात् लयबद्ध वा छन्दोबद्ध थियो (पृ.४४) ।' यस भनाइले कविताको सर्वप्राचीनता र स्वरूपका बारेमा पनि प्रस्ट पारेको छ । कडबेल (१९९०) ले कवितालाई सामूहिक क्रियाकलापमा प्रयुक्त ओजपूर्ण भाषाका रूपमा लिएका छन् र त्यो ओजस्विता शब्द, सङ्गीत र लयको संयोजनबाट प्राप्त हुने पनि बताएका छन् पृ. २२) । यसबाट प्रारम्भिक कविता गीतिमय थियो भन्ने पनि बुझिन्छ । कविताको उत्पत्तिका बारेमा चर्चा गर्दा कडवेलले कवितालाई सामूहिक श्रम र आर्थिक वा उत्पादन प्रणालीसँग जोड्दै तत्कालीन सामूहिक श्रम वा अनुष्ठानका क्रममा सामूहिक

आवेगलाई लयात्मक ढङ्गले अभिव्यक्त गर्ने ओजपूर्ण भाषाको सामर्थ्य कवितामै भएकाले आदिम समुदायमा भौतिक आवश्यकताकै पूर्तिका निम्ति कविताको जन्म भएको हो भनेका छन् (पृ. २६) । उनका भनाइमा आदिवासी मानिसहरूले आफ्नो नृत्यका तालमा अङ्ग चेष्टा गर्दै निकाल्ने आवाजहरू, अर्थहीन बोलीहरू अनि काठ र पत्थर बजाउँदै उत्पन्न गर्ने कृत्रिम आवाजहरूबाटै नृत्य, कविता र सङ्गीतको जन्म भएको हो (पृ. १४) । यस भनाइले आदिम युगमा कविता, गीत र सङ्गीत एकीकृत अवस्थामा थिए भन्ने प्रस्ट हुन्छ । उनको यस चिन्तनबाट कविताको जन्म आदिम मानिसहरूका श्रमका लयात्मक कार्यबाट भएको भन्ने पनि बुझिन्छ । कविताको उत्पत्तिका सम्बन्धमा कड्बेलले अगाडि सारेका उक्त मान्यतासँग अर्का कविता चिन्तक जर्ज थम्सन र रुसी चिन्तक प्लेखानोभ पनि सहमत रहेका छन् (पाण्डेय, २०५६, पृ. ४५) । कड्बेलले आदिम युगमै भाषाका दुई रूप प्रचलित रहेको स्वीकार गर्नुबाट निजी क्रियाकलापको भाषा लयशूल्य थियो भने सामूहिक क्रियाकलापको भाषा लययुक्त ओजपूर्ण थियो भन्ने बुझिन्छ । यसबाट लययुक्त ओजपूर्ण भाषा नै कविताको प्राकृतिक रूप थियो र यसबाटै कविताको उत्पत्ति भएको हो भन्ने प्रस्ट हुन्छ ।

यसरी आदिम युगमै सामूहिक श्रम र लयबद्ध क्रियाकलापबाट कविताको जन्म भएको कुरालाई मार्क्सवादी कलाचिन्तहरूले प्रस्ट रूपमा उल्लेख गरेको पाइन्छ । कविता सर्वप्राचीन कला रूप हो र यो सामूहिक अनुष्ठान वा सामूहिक श्रमकै उपज लयबद्ध, ओजपूर्ण भाषिक स्वरूप हो भन्ने कुरा नेपालकै पनि कतिपय नेपाली गीतका आफ्ना प्रवृत्तिबाट बुझ्न सकिन्छ । नेपालीहरूले मेलापात, खेतीपाती, पूजाआजा, विवाह, धार्मिक क्रियाकलाप आदि गर्दा सामूहिक क्रियाकलापका रूपमा लयबद्ध ओजपूर्ण भाषिक स्वरूपको प्रयोग गर्ने चलन अद्यापि छँदैछ । असारे गीत, दाइँ गीत, विवाहमा भनिने कवित र अन्य कतिपय संस्कार गीतहरू यसकै उदाहरण हुन् । पुराण वाचक पण्डितले लययुक्त भाषामा कथा वाचन गरी श्रोताहरूलाई मुग्ध बनाउने प्रचलनले पनि यसको प्रभावकारितालाई पुष्टि गर्दछ । यसबाट आदिम युगमा आदिम जातिका सामूहिक क्रियाकलापका क्रममा प्रयुक्त लयबद्ध वा श्लोकबद्ध ओजपूर्ण भाषाबाटै कविताको जन्म भएको हो र यो सामाजिक, आर्थिक क्रियाकलापकै उपज हो भन्ने बुझिन्छ ।

## कविताको उद्देश्य र प्रयोजन

कुनै पनि कृति सृजनाको उद्देश्य र प्रयोजन हुन्छ । विनाउद्देश्य र प्रयोजन कृतिको रचना हुँदैन । कविताका सम्बन्धमा कुरा गर्दा कविता किन सिर्जना गरिन्छ भन्ने प्रश्नको उत्तर उद्देश्य हो भने केका लागि सिर्जना गरिन्छ भन्ने प्रश्नको उत्तर प्रयोजन हो । उद्देश्य भनेको सिर्जनाको मुख्य अभीष्ट हो भने त्यसबाट हुने प्राप्ति वा लाभ प्रयोजन हो । यस सम्बन्धमा पूर्वीय र पाश्चात्य दुवै क्षेत्रमा प्रशस्त चिन्तन भएको छ । कविता वा कला साहित्यको उद्देश्य र प्रयोजनका सम्बन्धमा पनि प्रगतिवादी चिन्तकहरूले विस्तृत चर्चा

गरेका छन् । यस क्रममा उनीहरूले स्वान्त सुखाय वा सस्तो मनोरञ्जनसम्बन्धी भाववादी वा अवस्तुवादी दृष्टिकोणका विरोधमा यथार्थवादी वा वस्तुवादी दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । पूर्वीय साहित्य अथवा संस्कृत साहित्यमा - चतुर्वर्ग फलप्राप्ति, कला निपुणता, यश आर्जन, लोकको प्राप्ति, अर्थलाभ, व्यवहार ज्ञान, अमङ्गलको नाश, तत्काल आनन्द प्राप्ति र कान्तासम्मित उपदेश आदिलाई र पश्चिमी साहित्यमा पनि आनन्द, नैतिकता, अभिव्यञ्जना, नीति, धर्म, शिक्षण, सदाचार जस्ता कुराहरूलाई साहित्यका उद्देश्य र प्रयोजन मानिएको पाइन्छ । कलावादीहरू कला-साहित्यलाई प्रयोजनपरक वा उपयोगिताका दृष्टिले नहेरी विशुद्ध कविता, विशुद्ध कला, विशुद्ध आनन्द र विशुद्ध सौन्दर्यको कुरा गर्छन् र कला कलाका लागि भन्दै कला साहित्यलाई साधन होइन, साध्य ठान्छन् ।

मार्क्सवादीहरू भने पूर्व र पश्चिमका उपर्युक्त कतिपय अवस्तुवादी धारणा र कलावादीहरूका विशुद्धवादी धारणालाई तिरस्कार गर्दै समाज, संसार र मानव जीवनलाई बुझ्नु, बदल्नु र समृद्ध पार्नु कला साहित्यको उद्देश्य हो भन्दै यसको प्रयोजन र उपयोगितालाई सिद्ध गर्छन् । प्रगतिवादीहरू कुनै पनि अदृश्य अवस्तुवादी तर्क र विचारलाई अस्वीकार गर्छन् र दृश्य र अस्तित्ववान् सत्तालाई मात्र सत्य मान्दछन् । यसैकारण मार्क्सवादको साहित्यिक संस्करण प्रगतिवादले समाज, प्रकृति र मान्छेभन्दा परेको कुनै वस्तु र अनुभूतिलाई सत्य र वस्तुगत ठान्दैन । प्रगतिवादको कला वा कविता सृजनासम्बन्धी मान्यता के छ भने कुनै पनि सृजना उद्देश्य विहीन, उपयोगिता विहीन र प्रयोजन विहीन हुँदैन । मानिस जुन कुराले आफूलाई फाइदा गर्छ त्यही कुरामै लाग्छ । अनुपयोगी वस्तुप्रतिको लगावको कुनै अर्थ वा औचित्य हुँदैन । त्यसैले साहित्य वा कलाको पनि उपयोगिता हुन्छ । कला-साहित्यको सृजनाको उद्देश्य स्वान्त सुखाय भएकाले यसले इन्द्रियातीत आनन्द प्रदान गर्ने हुँदा यसको सौन्दर्य पक्ष नै प्रमुख हुन्छ, यसको अन्य कुनै प्रयोजन छैन भन्ने भाववादी कलावादीहरूका तर्कको खण्डन गर्दै रुसी चिन्तक प्लेखानोभले कलाको उपयोगिताका सन्दर्भमा पनि आफ्नो प्रस्ट धारणा प्रस्तुत गरेका छन् । उनका विचारमा सौन्दर्यको धारणा उपयोगितापछि विकसित हुन्छ र सामान्यतया मान्छेले कुनै पनि वस्तुलाई पहिले उपयोगिताका दृष्टिले हेर्छ त्यसपछि मात्र उसको सौन्दर्यसम्बन्धी भावना जागृत हुन्छ (प्लेखानोभ, १९५३, पृ. १७६) । प्लेखानोभका यस विचारबाट के प्रस्ट हुन्छ भने मान्छेका लागि सबै वस्तु सुन्दर हुँदैनन्, जुन वस्तु उसका लागि उपयोगी हुन्छ, त्यही मात्र सुन्दर हुन्छ भन्ने बुझिन्छ । यसको अर्थ मार्क्सवादीहरू कोरा उपयोगितावादी पनि होइनन् र कोरा सौन्दर्यवादी पनि होइनन् । उनीहरू उपयोगिताकै सन्दर्भबाट सौन्दर्य प्राप्त हुने धारणा राख्छन् ।

कडबेल र थम्सनले पनि कविताको उत्पत्तिको कुरा गर्दा यसको प्रयोजन र उपयोगिताकै सन्दर्भबाट आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । सामूहिक श्रम वा अनुष्ठानहरूमा गाइने सामूहिक लयबद्ध गीतबाटै कविताको जन्म भएको जुन मान्यता उनीहरूको छ यसले प्रयोजनलाई नै पुष्टि गर्दछ । कला-साहित्यले मनुष्यलाई पूर्णतातिर

लैजान्छ वा पूर्ण मानव बनाउँछ भनिन्छ । यस सम्बन्धमा माओत्सेतुङ्ले अझै प्रस्ट पारेका छन् । उनका विचारमा कुनै पनि वाद उपयोगिता विहीन हुँदैन । वर्ग विभाजित समाजमा उपयोगिता पनि वर्गीय नै हुन्छ। कुनै पनि रचनाले विशाल जनसमुदायलाई फाइदा पुऱ्याएमा मात्र त्यो रचना राम्रो मानिन्छ भन्दै बहुसङ्ख्यक जनताको सेवा गर्नु नै कला-साहित्यको प्रयोजन भएको (१९६३, पृ. ८) उनले बताएका छन् । कला साहित्यको उद्देश्य र प्रयोजनको कुरा गर्दा यसको वर्गीय पक्षधरताको प्रश्न सबभन्दा मुख्य बनेर आउँछ । यस सम्बन्धमा माओत्सेतुङ साहित्यकारहरूलाई समाजका बिचमा जान, व्यावहारिक सङ्घर्षको मैदानमा उभिन र जनसमूह तथा सर्वहारा वर्गतर्फ पाइला सार्न आग्रह गर्दै सर्वहारा वर्गीय साहित्य सृजना गर्नुपर्ने कुरामा जोड दिन्छन् र साहित्यले सामन्ती पुँजीपतिको सेवा गर्ने नभएर मजदुर किसान, सिपाही एवं सर्वहारा वर्गको सेवा गर्नुपर्छ अथवा जनसङ्घर्ष र क्रान्ति सम्पन्न गर्न मद्दत पुग्ने वा क्रान्तिकारी भावनालाई प्रोत्साहन र समुन्नत गर्ने साहित्य सृजना गर्नु पर्दछ (पृ.६८) भन्दै साहित्यको उद्देश्यमाथि प्रकाश पार्दछन् ।

कला-साहित्यको उद्देश्यलाई वर्गीय रूपमा हेर्नुपर्ने कुरालाई यस अघि नै मार्क्स, एङ्गेल्स र लेनिनले प्रस्ट सङ्केत गरेका थिए । यस सम्बनधमा लेनिन साहित्य सर्वहारा वर्गको साझा हित र जनवादी सामाजिक क्रान्तिको अभिन्न अङ्ग हुनुपर्ने ठान्छन् र कला-साहित्यलाई क्रान्तिरूपी मेसिनको दाँती र पेचकिला मान्छन् (सन् १९६७, पृ. १८) । म्याक्सिम गोर्कीको धारणा पनि यहाँ उल्लेखनीय छ । उनले साहित्यमा सामन्त एवं पुँजीपति वर्ग र तिनीहरूले श्रमिकहरूमाथि गरेका विश्वासघातप्रति घृणा भाव जगाउनु पर्ने भन्दै प्रगतिवादी लेखकले शोषकप्रति घृणा र शोषितप्रति प्रेमभाव पैदा गर्ने साहित्यिक रचनाहरू सृजना गर्नु पर्दछ र त्यसका लागि वर्गीय विशेषता भएको चरित्र एवं परिवेशको छनोट र निर्धारण गरी त्यसैका माध्यमबाट वर्गप्रेम वा वर्गघृणा प्रस्तुत गर्नु पर्दछ भनेका छन् (१९७३, पृ. ३०) । गोर्कीको यस विचारले पनि कवितामा साहित्यको प्रयोजन वर्गीय हितमा हुनुपर्ने प्रस्ट पारेको छ ।

यसरी पूर्ववर्ती राजनीतिक, दार्शनिक चिन्तक मार्क्स, एङ्गेल्स, लेनिन र माओत्सेतुङ हुन् वा उत्तरवर्ती कला चिन्तक  कड्वेल, थम्सन, फिसर र गोर्की आदि हुन् सबैले साहित्य वा कविताले वर्गीय समाजमा वैचारिक सङ्घर्षको बलियो हतियारका रूपमा काम गर्नुपर्ने मान्यता अगाडि सारेका छन् । प्रगतिवादी साहित्य चिन्तकहरूका दृष्टिमा कला-साहित्यको उद्भव कालदेखि नै उपयोगिता वा प्रयोजनमूलक भूमिका रहँदै आएको हो भन्ने छ । यही कारण उनीहरू साहित्यकारले आफ्ना कृतिमा पुरानो सामाजिक सम्बन्धलाई ध्वस्त पारेर नयाँ संसारको निर्माण गर्नुपर्ने विचार प्रस्तुत गर्दै यसमा गतिशील यथार्थ एवं क्रान्तिकारी भाव मुखरित हुनुपर्ने दृष्टिकोण अगाडि सार्छन् । रुसी साहित्य चिन्तक बोरिस सुखोवले त कविताले मानिसको उमेर बढाउन नसके पनि उसको जीवनलाई बढी सार्थक, सम्पन्न र समृद्ध बनाउन सक्छ, यसले मानिसमा जीवन भोगाइको स्वाद उत्पन्न गर्न सक्छ भन्दै

कविता नभएको भए मानिसको जीवन अपूर्ण हुन्थ्यो होला (मिश्र, २०१०, पृ. ३२२) भनेका छन् । यस भनाइले कविताको उद्देश्य र प्रयोजनलाई अरू बढी महत्त्व दिएको छ । यसबाट प्रगतिवादी दृष्टिमा कविताको उद्देश्य जीवन जगत्का यथार्थहरूलाई कलात्मक रूपमा उजागर गर्नु हो भने यसको प्रयोजन वा उपयोगिता चाहिँ समाजको रूपान्तरणका माध्यमबाट मानव जीवनलाई उन्नत.एवं सुखी र समृद्ध बनाउनु हो ।

## कवितामा सौन्दर्य पक्ष

कविता काव्यको सौन्दर्य पक्षका बारेमा पनि विभिन्न विचारहरू प्रस्तुत भएका छन् । मार्क्सवादीहरू सौन्दर्यलाई कलावादी र भाववादीहरूले जस्तो आत्मगत सत्ता वा परम दिव्य सत्ताको विशिष्ट रूप नमानेर सामाजिक चेतनाकै एउटा विशिष्ट रूप मान्दछन् । सामाजिक चेतना मानव जीवन र प्रकृतिकै विशिष्ट अङ्ग भएकाले यो वस्तुगत यथार्थमा आधारित हुन्छ । कला कलाका लागि भन्ने कलावादीहरू र धार्मिक-नैतिक उपदेशको आग्रह गर्ने नीतिवादी वा भाववादी आदर्शवादीहरूले सौन्दर्यलाई प्रकृति र मानव जीवनबाट अलग्याएर निरपेक्ष सत्ताका रूपमा हेर्ने गरेका छन् भने प्रगतिवादले त्यसका विपरीत सौन्दर्य भन्ने कुरा वस्तु जगत्का यथार्थमा रहन्छ वा वस्तुका गुणहरू नै सौन्दर्य हुन् भन्ने अवधारणा प्रस्तुत गरेको छ । यसले वस्तुगत सत्तालाई नै सौन्दर्य मान्दै सौन्दर्य तत्त्वलाई जीवन र प्रकृतिबाट पर राखेर होइन, जीवन मूल्यकै सापेक्षतामा हेर्ने गरेको पाइन्छ । सौन्दर्य के हो ? र यो कसरी प्रकट हुन्छ भन्ने सम्बन्धमा चापागाईं (२०५७) ले पाँचवटा दृष्टिहरू विकसित भएका पाइन्छन् भन्ने उल्लेख गरेका छन् - वस्तुगत प्रत्ययवादी दृष्टि, आत्मगत प्रत्ययवादी दृष्टि, जीवनमुखी दृष्टि, भौतिकवादी दृष्टि र द्वन्द्वात्मक भौतिकवादी दृष्टि (पृ.१६) । यीमध्ये पहिलोले ईश्वर वा परम प्रत्ययले अनुप्राणित गरेपछि सौन्दर्य उत्पन्न हुन्छ भन्ने मान्दछ । यस्तो दृष्टि राख्नेहरूमा प्लेटो, सेलिङ्ग, थोमस, हेगेल जस्ता सौन्दर्य चिन्तकहरू पर्दछन् । दोस्रोले जीवनको सौन्दर्यको स्रोत मानव आत्मा हो भन्दै मानिसले आफ्नो मनबाट वस्तु वा सङ्घटनामा सौन्दर्य आरोपित गर्दछ भन्ने मान्दछ । यस्तो दृष्टि राख्नेहरूमा लिप्पस, ज्याँ पाल, क्रोचे, एन. हार्टमन आदि चिन्तकहरू रहेका छन् ।

तेस्रोले जीवनका विचार एवं आदर्शहरू र मानव मनका आवश्यकताहरूसित जीवनका पक्षहरूलाई सम्बन्धमा ल्याएपछि सौन्दर्यको उत्पत्ति हुन्छ भन्ने मान्दछ । यसले सौन्दर्यको मापनको आधार मानिसलाई बनाएको हुनाले यो अवधारणा जीवनमुखी रहेको छ । यस्ता धारणा राख्नेहरूमा सुकरात, अरस्तु र चेर्नेसेभ्स्की आदि रहेका छन् । चौथो र पाँचौं दुबै भौतिकवादी दृष्टि नै हुन् तर चौथो अधिभौतिकवादी वा प्रकृतिवादी दृष्टि हो भने पाँचौं द्वन्द्वात्मक भौतिकवादी दृष्टि हो । चौथोले सौन्दर्यलाई रूप, रङ्ग र आकृतिमा हेर्छ वा वस्तुहरूको प्राकृतिक गुण मान्दछ भने पाँचौंले चौथोका कतिपय असङ्गतिहरूलाई हटाएर सौन्दर्य भनेको वस्तुको विशुद्ध प्राकृतिक गुण मात्र नभएर सामाजिक जीवन र मानव

जातिसँगको सम्बन्धको परिणामबाट उत्पन्न हुने मान्दछ । यसबाट सौन्दर्य भनेको वस्तु जगत्का यथार्थतामा देखिने गुण हो जुन चेतना भन्दा बाहिर स्वतन्त्र रूपमा रहेको हुन्छ र त्यसको नै चेतनामा प्रतिविम्बन हुन्छ भन्ने बुझिन्छ । यो वस्तुगत यथार्थवादी दृष्टि हो र मार्क्सवादी दृष्टि पनि यही हो । मार्क्स र एङ्गेल्सले कलात्मक सौन्दर्यको आधार वस्तुगत जगत् हो र मानवीय श्रमका सन्दर्भमा यथार्थ जगत्का विभिन्न वस्तुहरूबाट मान्छेमा सौन्दर्यात्मक संवेदना जागृत हुन्छ (गौतम, २०४९, पृ. १२२) भन्ने मानेको पाइन्छ । मार्क्स एङ्गेल्सका यिनै धारणाहरूलाई आधार बनाएर पछिका चिन्तहरूले सौन्दर्य तत्वको व्याख्या विश्लेषण गर्दै आएका छन् । यस क्रममा रिचर्डसले सौन्दर्यलाई मनोविज्ञानसँग पनि जोडेका छन् र उनले वस्तुगत यथार्थ जीवनभन्दा अलग्गै सौन्दर्यको आत्मगत या विशिष्ट प्रकृतिको सत्ता नहुने कुरा बताएका छन् । (त्रिपाठी २०४९, पृ. २७२) । अर्का जीवनवादी चेर्नेसब्स्कीले सौन्दर्यको अनुभूति वास्तविक मानव जीवनमा मात्रै हुन्छ भन्दै सुन्दर नै जीवन हो र वास्तविक जीवनको सौन्दर्य नै साँचो अर्थको सौन्दर्य हो भन्ने निष्कर्षका साथ व्यक्तिवादी कल्पनावादी चिन्तनका विरुद्ध सौन्दर्यको वस्तुवादी अवधारणा प्रस्तुत गरेका छन् (तिमल्सिना, २०६४, पृ. ७७) । श्रम र सामाजिकतालाई मानवीय यथार्थका दुई मुख्य अङ्ग मान्दै गोर्कीले संसारमा जे जति सुन्दर र उच्चता छ, त्यो सबै मानवीय श्रमको उपलब्धि भएको र मानवीय श्रमको लामो परम्परामा नै भाव र विचारहरू उत्पन्न भएका हुन् भन्दै श्रमिकका कुशल हातबाटै सौन्दर्यको सिर्जना हुने भएकाले विचार चाहिँ तिनकै अनुकार्य मात्र हो भनेका छन् (१९७३ पृ. १७१) । गोर्कीको यो विचार वर्गीय दृष्टिकोणमा आधारित छ । उनी कला साहित्यमा मानवका सामूहिक भावना र आकाङ्क्षाको उद्वोधन हुनुपर्ने विचार राख्छन् । यस सन्दर्भमा कड्वेल पनि सामाजिक जीवनमा सामूहिक भावना जेले उत्पन्न गर्न सक्छ त्यही नै सौन्दर्यमूलक सिर्जना हो र यसको चरम विकास समतामूलक समाजको स्थापनापछि नै हुन्छ भन्दै सौन्दर्य चेतनालाई सामूहिक श्रमको उपजकै रूपमा मान्दछन् (१९९०, पृ.५८) । यस्तै गरी प्रगतिवादी लेखकले सर्वहारा वर्गका पीडा र वेदनालाई देखाउनु पर्छ भन्ने प्रेमचन्द्र सामन्त तथा पुँजीपतिहरू सुन्दरी स्त्री, उसको ओठ, गाला, आँखी भौँ आदिलाई सौन्दर्यताका प्रतीक मान्छन् तर ओठमा कलेटी परेकी, गालामा आँसु बगाएकी, श्रममा समर्पित एवं त्याग निष्ठा र सहिष्णुताले सम्पन्न स्त्रीका मर्मलाई उपेक्षा गर्छन् (१९६७, पृ.७९) भन्दै सौन्दर्यलाई वर्गीय हुने बताउँछन् ।

यसरी मार्क्स एङ्गेल्स र त्यसपछिका मार्क्सवादी सौन्दर्य चिन्तकहरूले प्रस्तुत गरेका विचारका आधारमा हेर्दा सौन्दर्य भनेको वस्तुको कुनै अलौकिक वा स्वतन्त्र तत्त्व नभई जीवनकै सन्दर्भमा विकसित हुने र वस्तु जगत्को सम्पर्कबाट इन्द्रिय बोधका रूपमा अभिव्यक्त हुने तत्त्व हो भन्ने बुझिन्छ । प्रगतिवादले सौन्दर्य चेतना वस्तुगत यथार्थ वा वस्तु जगत्बाट प्राप्त हुने भएकाले यसलाई वस्तुको गुण मान्छ र यो गुणलाई वस्तुबाट अलग गर्न

सकिदैन भन्छ । यसको अर्थ कला-साहित्यमा सौन्दर्य भनेको वस्तुको विशुद्ध रूप मात्र पनि होइन र रूपविहीन अन्तर्वस्तु मात्र पनि होइन, दुबैको समाज सापेक्ष जैविक एकता हो ।

## कवितामा अन्तर्वस्तु र रूपबिचको सम्बन्ध

अन्तर्वस्तु र रूप कला-साहित्यका मुख्य संरचक घटक हुन् । कला-साहित्यको निर्माण वस्तु र रूपको संश्लेषणबाट हुन्छ भन्ने प्रगतिवादी मान्यता छ । यो मान्यता कविताका सम्बन्धमा पनि लागु हुन्छ । कविता वा कला साहित्यमा वस्तु र रूपका बारेमा प्रारम्भदेखि नै चर्चा हुँदै आएको छ र यसका बारेमा सबैभन्दा बढी मार्क्सवादीहरूले नै चर्चा गरेका छन् । मार्क्सवाद स्वयंमा वस्तुवादी र वैज्ञानिक चिन्तन भएकाले यसले कला साहित्यमा वस्तु र रूपको सापेक्षिक स्थितिका बारेमा पनि वस्तुनिष्ट दृष्टिकोण अगाडि सारेको छ । गैरमार्क्सवादीहरू कला-साहित्यसम्बन्धी प्रगतिवादी चिन्तनलाई बढी वस्तुवादी भएको र रूप तत्त्वलाई बेवास्ता गर्ने गरेको आरोप लगाउँछन् तर यो आरोप प्रगतिवादी चिन्तकहरूका मतको अध्ययन गर्दा निराधार सिद्ध हुन्छ । मार्क्सवादी चिन्तकहरू प्लेखानोभ, लुनाचास्की, कडबेल, राल्फ फक्स, हावर्ड फास्ट, ट्राटस्की, जर्ज लुकाज, अर्न्स्ट फिसर तथा नव मार्क्सवादीहरू सबैका मतको अध्ययन गर्दा उनीहरूले अन्तर्वस्तु र रूप दुवैलाई समान महत्त्व दिएको पाइन्छ (मिश्र, २०१०,पृ.३४४) । उनीहरूका विचारमा अन्तर्वस्तु अभिव्यक्त हुन कुनै न कुनै रूप चाहिन्छ अनि रूप पनि कुनै न कुनै अन्तर्वस्तुको मात्र हुन्छ अथवा यी दुईका बिच अयोन्याश्रित सम्बन्ध छ । सामान्यतः साहित्य कलाद्वारा जे सम्प्रेषित गरिन्छ त्यसलाई अन्तर्वस्तु र जसरी सम्प्रेषित गरिन्छ त्यसलाई रूप मान्ना साथ तिनका बिच रहेको अन्तरको पुष्टि हुन्छ (चापागाईं २०५४, पृ.४६) । साहित्य कलात्मक प्रतिविम्बनका माध्यमबाट अभिव्यक्त हुने हुँदा साहित्यको मूल्याङ्कन गर्दा वस्तुलाई मात्र आधार बनाउँदा यसको उचित मूल्याङ्कन हुन सक्दैन, दुवैलाई आधार बनाउनु पर्छ भनिन्छ (गौतम, २०४९, पृ. १२६) । अन्तर्वस्तु र रूपका बिच द्वन्द्वात्मकता र एकताको सम्बन्ध हुने हुँदा यी दुईका बिच सँधै अन्तर्विरोध रहन्छ । यस क्रममा अन्तर्वस्तु गतिशील र रूप अपेक्षाकृत स्थिर रहन्छ । यहीँनेर यी दुईका बिच अन्तर्विरोध उत्पन्न हुन्छ । अन्तर्वस्तुले नै रूपलाई बदल्ने वा परिवर्तन गर्ने गर्दछ । यद्यपि सबै अवस्थामा अन्तर्वस्तु परिवर्तन हुने बित्तिकै रूपमा पनि परिवर्तन आउँछ भन्ने हुदैन । यस अर्थमा अन्तर्वस्तु निर्णायक र प्राथमिक तत्त्व भए पनि रूपले नै अन्तर्वस्तुलाई स्थायित्व र आकृति दिने भएकाले यी दुईका बिच अविभाज्य सम्बन्ध छ । अन्तर्वस्तु बेगर रूप र रूप बेगर अन्तर्वस्तुको अस्तित्व हुँदैन । यही मान्यतालाई प्रगतिवादले आत्मसात् गरेकाले यसले रूपलाई उपेक्षा गर्छ भन्ने कुरा साँचो होइन । मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादले सार र रूपको एकत्वको प्रतिपादन गर्दछ । अथवा यी दुईलाई अलग अलग अस्तित्ववान् तत्त्व मान्दैन । मार्क्सवादले आर्थिक ढाँचाको आधार तत्त्वलाई नियामक मानेर आधारमा आउने परिवर्तनसँगै अधिरचनामा पनि परिवर्तन आउँछ भने भैँ कला-साहित्यमा पनि अन्तर्वस्तुलाई नियामक तत्त्व मानेर त्यसमा

आउने परिवर्तनसँगै रूप पनि परिवर्तित हुने नियमलाई अगाडि सारेको छ (मिश्र २०१०,पृ. ३४७) । कहिले काँही अधिरचनाले पनि आधारको परिवर्तनमा प्रभाव पार्दछ भन्ने मार्क्सवादले स्वीकार गरेकाले कला-साहित्यका सन्दर्भमा पनि रूपले अन्तर्वस्तुको परिवर्तनमा समेत प्रभाव पार्न सक्दछ भन्ने बुझिन्छ (पाण्डेय, २०५६, पृ.३४) । कस्तो वस्तु र कस्तो रूप आउँछ भन्ने कुराको निर्धारण भने युगीन परिस्थितिले गर्दछ । अन्तर्वस्तुभित्र भाव, विचार र कथ्य विषय पर्दछन् भने रूपभित्र भाषा, लय, विम्बालङ्कार र संरचना आदि पर्दछन् र यिनकै संश्लेषणबाट कृतिको निर्माण हुने प्रगतिवादी मान्यता छ । रूप वा सौन्दर्यलाई छुट्टै प्रवर्ग नमानेर प्रगतिवादले अन्तर्वस्तुद्वारा नै सुसज्जित र संरचित वस्तु मान्दछ । यसबाट जसरी रूप विहीन अन्तर्वस्तुको कल्पना गर्न सकिन्न त्यसरी नै अन्तर्वस्तु बेगरको विशुद्ध रूपको पनि बोध गर्न सकिदैन भन्ने प्रस्ट हुन्छ ।

## निष्कर्ष

कवितासम्बन्धी उपर्युक्त विमर्शबाट निष्कर्षमा के कुरा प्राप्त हुन्छ भने समग्र कला-साहित्य जस्तै कविता पनि विचार धारात्मक कार्य नै हो र यो साहित्यको सबैभन्दा प्राचीनतम विधा हो । प्राचीनतम भएकाले आदिम सामूहिक श्रम र लयबद्ध क्रियाकलापबाट यसको जन्म भएको हो भने समाज, संसार र मानव जीवनलाई बुझ्नु, बदल्नु र समृद्ध पार्नु यसको उद्देश्य र प्रयोजन हो । प्रगतिवादी दृष्टिमा सौन्दर्य भनेको कलावादी वा भाववादीहरूले जस्तो आत्मगत वा परम दिव्य सत्ताको रूप नभएर सामाजिक चेतनाकै एउटा विशिष्ट रूप हो अनि यो जीवन र प्रकृतिबाट अलग होइन, त्यसकै वस्तुगत गुणका रूपमा रहेको हुन्छ । विधागत दृष्टिले कवितासम्बन्धी सर्वस्वीकृत जे मान्यताहरू छन् तिनलाई स्वीकार गरेरै यसको अन्तर्वस्तु र रूपका सम्बन्धमा आफ्ना दृष्टिकोणहरूलाई प्रगतिवादले अगाडि सारेको पाइन्छ । कविताको अन्तर्वस्तु र रूपका बिच अन्योन्याश्रित एवं अभेद्य सम्बन्ध हुन्छ र विषयवस्तुका रूपमा आउने कथ्य विषयको विचारसँग एकाकार भएपछि त्यसले अन्तर्वस्तु वा सारको रूप लिन्छ र सन्देश प्रवाहित गर्छ भन्ने यसको मान्यता छ । जीवन जगत्सँग सम्बन्धित वस्तु तत्त्वलाई कुन रूपमा व्यक्त गर्ने भन्ने काम विचारले गर्ने र विचारलाई उद्घाटित गर्ने काम वस्तुतत्त्वले गर्ने हुनाले यी दुईका बिच परिपूरक सम्बन्ध रहेको हुन्छ भन्ने प्रगतिवादी मान्यता छ । प्रगतिवाद विरोधीहरूले आरोप लगाए जस्तो प्रगतिवादले कवितामा कलापक्षलाई उपेक्षा गरेको नभई कला वा रूप पक्ष जति प्रभावकारी र आकर्षक हुन्छ त्यति नै कविता पनि उत्कृष्ट हुन्छ भन्ने स्वीकार गरेको छ । प्रगतिवादका अनुसार रूप र अन्तर्वस्तुलाई एक अर्काबाट अलग्याएर दुबैको अस्तित्व स्थापित हुन सक्दैन । यसबाट प्रगतिवादीहरू रूपका विरोधी होइनन्, रूपवादका मात्र विरोधी हुन् भन्ने प्रस्ट हुन्छ । रूपवाद वा शैली विज्ञानले जस्तो कोरा रूप र संरचनाका जटिलताका पक्षमा भने यिनीहरू छैनन् । ओजपूर्ण भाषा र यथार्थको कलात्मक प्रतिविम्बनका माध्यमबाट कवितालाई सरल, सहज र सम्प्रेषणीय बनाउनु प्रगतिवादको रचनाधर्मिता हो ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, रविलाल.(२०५६). *प्रगतिवादी नेपाली समालोचना.* पोखरा : लेकाली प्रकाशन ।

एंगेल्स. (१९७८). *परिवार निजी सम्पत्ति और राज्यकी उत्पत्ति.* मस्को : प्रगति प्रकाशन ।

कडबेल, क्रिस्टोफर.(सन् १९९०). *विभ्रम और यथार्थ.* अनु. भगवान् सिंह. दिल्ली : राजकमल प्रकाशन ।

गोर्की, म्याक्सिम. (१९९३). *अन लिट्रेचर.* मस्को : फोरियन ल्याङ्ग्वेज पब्लिसिङ हाउस ।

गौतम, देवीप्रसाद. (२०४९). *प्रगतिवाद : परम्परा मान्यता.* काठ : श्रीमती मुना गौतम ।

चापागाईं, निनु. (२०५४). *मार्क्सवादी चिन्तनमा सौन्दर्य.* ललितपुर : मृदुल चापागाईं ।

तिमल्सेना, पशुपतिनाथ. (डा.). (२०६४). प्रगतिवादी कविता : मान्यता र प्रवृत्ति. पोखरा : ओजनबुक्स एन्ड स्टेसनर ।

त्रिपाठी, वासुदेव. (२०४९). *पाश्चात्य समालोचानको सैद्धान्तिक परम्परा भाग २* (तेसं). ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त.(२०५६). *प्रगतिवाद र कविता.* काठमाडौं : शीला योगी ।

पौडेल, हेमनाथ. (२०६५). *प्रगतिवादी दृष्टिमा कवि र कविता.* काठ : पैरवी प्रकाशन ।

प्लेखानोभ, जर्ज.(१९५३). *आर्ट एन्ड सोसियल लाइफ.* न्यु दिल्ली : पिपुल्स पब्लिसिङ हाउस ।

प्रेमचन्द्र. (१९६७). *साहित्यका उद्देश्य.* इलाहावाद : हंस प्रकाशन ।

भट्ट, गोविन्द. (२०५५). *गोविन्द भट्टका समालोचना.* काठमाडौँ : बगर फाउन्डेसन ।

माओत्सेतुङ. (२०६३). *दर्शनसम्बन्धी पाँच कृतिहरू.* काठमाडौं : जनस्रष्टा प्रकाशन ।

माओत्सेतुङ. (१९९४). *कला, साहित्य और संस्कृति.* नयी दिल्ली : वाणी प्रकाशन ।

मिश्र, शिवकुमार. (२०१०). *मार्क्सवादी साहित्य सिद्धान्त : इतिहास र चिन्तन.* नया दिल्ली : वाणी प्रकाशन ।

लेनिन, भी आई. (१९६७). *संस्कृति और सांस्कृतिक क्रान्ति.* नया दिल्ली : पिपुल्स पब्लिसिङ हाउस ।